## शहिद लखन गाउँपालिकाको एघारौं गाउँसभामा गाउँपालिका उपाध्यक्ष श्री इन्दिरा तिवारी ज्यूले प्रस्तुत गर्नु भएको बजेट बक्तब्य

**सभाध्यक्ष महोदय,**

स्थानीय तह सदस्य निर्वाचन, २०७९ बाट निर्वाचित जनप्रतिनिधिहरुबाट पहिलो पटक निर्माण गरिएको यस शहिद लखन गाउँपालिकाको आर्थिक वर्ष २०७९।८० को वार्षिक बजेट तथा कार्यक्रमले "कृषि, पर्यटन र पूर्वाधारको दीगोपनः समृद्ध, सुसंस्कृत शहिद लखन" निर्माणको दिशामा अगाडि बढ्न सहयोगी सिद्ध रहने छ भन्ने विश्वासका साथ यस गरिमामय गाउँसभामा गाउँपालिकाको उपाध्यक्षको हैसियतले आर्थिक वर्ष २०७९।८० को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु ।
एकात्मक शासन प्राणालीको विगतको अवस्थाबाट सङ्घीय लोकतान्त्रिक गणतन्त्रको युगमा पुऱ्याउन जीवन उत्सर्ग गर्नुहुने नेपालका प्रथम शहीद लखन थापा मगर लगायत प्रजातान्त्रिक आन्दोलन, ऐतिहासिक जनआन्दोल, जनयुद्ध, मधेश आन्दोलन लगायत विभिन्न परिवर्तनकारी आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात, अज्ञात शहीदहरुप्रति भावपूर्व श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । निरङ्कुशताका विरुद्धको बलिदानीपूर्ण संघर्ष र त्याग गर्नुहुने सम्पूर्ण अग्रज, घाइते एवम् बेपत्ता योद्धाप्रति उच्च सम्मान प्रकट गर्न चाहन्छु ।

**सभाध्यक्ष महोदय,**

यस आर्थिक वर्षको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, संघीय सरकारको नीति तथा कार्यक्रम, गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम, पन्ध्रौ योजना, दीगो विकासका लक्ष्य, शहिद लखन गाउँपालिकाको प्रथम आवधिक योजना, २०७८।७९-२०८२।८३, गाउँपालिकाको एघारौ गाउँ सभाबाट पारित नीति तथा कार्यक्रम र विगतका अनुभवहरुलाई आधार बनाएको छु । साथै नेपाल सरकार र गण्डकी प्रदेश सरकारको मार्ग निर्देशन, राजश्व परार्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, गाउँ कार्यपालिका तथा अन्तरगतका विषयगत समिति, जनप्रतिनिधिज्यूहरुको अनुभव तथा विचारहरु, विज्ञ सल्लाहकार समूह, विभिन्न सरकारी

तथा गैर सरकारी संघ संस्थाहरु, पत्रकार, शिक्षक, विद्धत वर्ग तथा गाउँपालिका बासीहरुको सुझाव समेतलाई ध्यानमा राखेको छु ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्षको स्रोत अनुमान प्रस्तुत गर्न चाहन्छु ।

राजश्व परामर्श समितिको प्रतिवेदन अनुसार आगामी आर्थिक वर्षमा यस गाउँपालिकाको आन्तरिक आय रु. १ करोड २१ लाख ३५ हजार संकलन गर्ने लक्ष्य रहेको छ । त्यसै गरी संघीय सरकार बाट राजश्व बाँडफाँड अन्तरगत प्राप्त हुने मूल्य अभिवृद्धि करबाट ९ करोड ७२ लाख ३० हजार र विद्युत रोयल्टी बाँडफाँडबाट रु. ३७ लाख ५० हजार  र गण्डकी प्रदेश सरकारबाट राजश्व बाँडफाँड अन्तरगत सवारी साधन कर बाट ५५ लाख घरजग्गा रजिष्ट्रेसन दस्तुरबाट रु. ६ लाख ५० हजार, विज्ञापन करबाट रु. २ लाख र दहत्तर बहत्तर बिक्रिबाट रु. १५ लाख प्राप्त हुने अनुमान गरेको छु ।

त्यसै गरी अन्तर सरकारी वित्तीय हस्तान्तरण तर्फ संघीय सरकारबाट समानिकरण अनुदान तर्फ रु. १६ करोड ४४ लाख, शसर्त अनुदान तर्फ रु. २४ करोड २९ लाख, विशेष अनुदान तर्फ रु. १ करोड ५० लाख र समपुरक अनुदान तर्फ रु. ३ करोड ५० लाख गरी जम्मा ४५ करोड ७३ लाख र गण्डकी प्रदेश सरकारबाट समानीकरण अनुदान तर्फ रु. २ करोड ५ लाख ३६ हजार, विशेष अनुदान तर्फ रु. ५० लाख र समपुरक अनुदान तर्फ रु. ७० लाख प्राप्त हुने अनुमान गरेको छु । साथै चालु आ.व. २०७८।०७९ मा खर्च हुन नसकेका आयोजनाहरुबाट रु. ८ करोड बराबरको रकम मौज्दात रहने अनुमान गरेको छु ।

यसरी आन्तरीक आय, राजश्व बाँडफाँड, अन्तरसरकारी वित्तीय हस्तान्तरण र नगद मौज्दात गरी आगामी आ.व. २०७९।८० मा कूल जम्मा ६९ करोड ८ लाख १ हजार रुपैया बराबर आय हुने अनुमान गरेको छु ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्षको व्यय अनुमान यस गरिमाय सभामा प्रस्तुत गर्न चाहन्छु ।

आगामी आर्थिक वर्षमा आर्थिक विकास क्षेत्रमा रु. १ करोड ६१ लाख रुपैयाँ, सामाजिक विकास क्षेत्रमा रु. ११ करोड ३७ लाख ४६ हजार रुपैयाँ, पूर्वाधार विकास क्षेत्रमा रु. १८ करोड ३५ लाख २५ हजार, वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रमा ७० लाख ३० हजार, सुशासन तथा संस्थागत विकास र कार्यालय सञ्चालन क्षेत्रमा १२ करोड ६२ लाख ५० हजार रुपैया खर्च हुने अनुमान गरेको छु । साथै कुल बजेटमा रु. ३९ करोड ५ लाख १ हजार रुपैयाँ चालु खर्च (कुल बजेटको ५६।५३%) र रु. ३० करोड ३ लाख रुपैया पूँजीगत खर्च(कुल बजेटको ४३।४७%) हुने अनुमान गरेको छु ।

**सभाध्यक्ष महोदय,**

उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषि उत्पादनमा आत्मनिर्भर भई कृषि कार्यलाई व्यवसायिकरण तथा रैथाने वाली संरक्षण गरी कृषि क्षेत्रको विकासका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।बादर आतङ्क न्यूनीकरणका लागि सार्वजनिक जग्गा तथा सामुदायिक वनमा फलफूलको विरुवा रोपणका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

गाउँपालिकाको उर्भर भूमीहरुमा सिंचाईको व्यवस्थापन गरी उत्पादन वृद्धि गर्न ११ लाख विनियोजन गरेको छु । साथै मलको भरपर्दो व्यवस्थापन र माटोको उर्भराशक्ति बढाउन प्राङ्गारिक मल निर्माण तथा व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

कृषक समूह र कृषि सहकारीहरुलाई उत्पादन वृद्धि र बिक्रि वितरणकाई व्यवस्थित गर्न कृषि उपज विक्रि केन्द्र सञ्चालन गर्ने समूह र सहकारीहरुलाई बिक्रि कक्ष व्यवस्थापनका लागि अनुदानको व्यवस्था गरेको छु ।

पशुपंछी पकेट क्षेत्र विस्तार, घाँस नर्सरीको स्थापना र विभिन्न रोग विरुद्धको भ्याक्सिन खरिदका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

जग्गा भाडामा लिई व्यवसायिक रुपमा कृषि उत्पादन गरेका किसानहरुका लागि २५% जग्गाभाडा गाउँपालिका मार्फत् अनुदान दिन आवश्यक बजेट विनियोजन गरेको छु ।

कृषि क्षेत्रमा यान्त्रिकरणका लागि ५०% अनुदानमा कृषकहरुका लागि आवश्यक विभिन्न कृषि यन्त्रहरु वितरणका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
कृतिम गर्भाधान गरी पशुपंछीहरुको नश्ल सुधार गरी पशुजन्य उत्पादन वृद्धि गर्नका लागि रु. ३ लाख ५० हजार विनियोजन गरेको छु ।
जलवायु अनुकुलन, वातावरण संरक्षण तथा खोला तथा नदीहरुमा तटबन्द निर्माण जस्ता योजनाहरुमा काम दिई १८ देखि ४० वर्ष उमेर समुहका बेरोजगार युवाहरुलाई रोजगारी प्रदान गर्न शहिद लखन युवा रोजगार कार्यक्रम संचालनका लागि रु. १० लाख विनियोजन गरेको छु ।
प्रधानमन्त्री रोजगार कार्यक्रमबाट पूर्वाधार निर्माणका कार्यहरुका लागि सामग्री खरिद तथा कामदारहरुको सुरक्षा सामग्री खरिदका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
उद्यमसिलता तथा सिप विकास गरी स्वरोजगारी सिर्जना गर्न लघु तथा साना उद्यम विकास कार्यक्रमका लागि रु. ३ लाख विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

गौरवका योजनाहरु अन्तरगत बक्राङ्ग दिप्लिङ्ग गुर्दुम मास्किछाप सडक स्तरोन्नतीका लागि रु. २० लाख, रामशाह घाट रैकरबेसी ढाँडबारी मनकामना सडकका लागि रु. १५ लाख, रामशाहघाट कान्टार नामजुङ्गटार, सिलिङ्ग ओखर्ले भञ्याङ्ग मनकामना सडकका लागि रु. १३ लाख, जुम्ली चौतारा राइनास सडकका लागि रु. २० लाख, लक्ष्मी बजार तीनमाने सडकका लागि रु. १५ लाख, हिमालय मा.वि. राटेचोक हटिया गैरिछाप कोटथोक सालिम डाँडा तिनमाने सडकका लागि १५ लाख, गैरी चौतारा मास्कीछाप पिपलछाप हुँदै चारघरे सडकका लागि १५ लाख, गैह्री चौतारा जोगीडाँडा देउराली छबिसेफाँट ज्यादुलखोला सडकका लागि २० लाख र बर्चुलीथान बदेली रामभञ्याङ्ग माझिटार सडकका लागि १५ लाख बिनियोजन गरेको छु ।
गाउँपालिकाकाको प्रशासकीय भवन निर्माणका लागि २ करोड विनियोजन गरेको छु । साथै वडा नं. १ को कार्यालय भवन निर्माणका लागि २७ लाख र वडा नं. ९ को कार्यालय भवन निर्माणका लागि ७१ लाख विनियोजन गरेको छु ।

ताक्लुङ्ग आधारभूत स्वास्थ्य केन्द्र र बुंकोट आधारभूत स्वास्थ्य केन्द्रमा ट्रस निर्माणका लागि रु. ५/५ लाख विनियोजन गरेको छु ।
सिद्ध लखन भ्यू टावरमा शौचालय निर्माणका लागि रु ४ लाख र चुलेभिर भ्यू पार्क विकास का लागि रु. १० लाख विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**
मनकामना बजारको फोहोर व्यवस्थापनका लागि आवश्यक पूर्वाधार निर्माणका लागि १२ लाख विनियोजन गरेको छु । बोर्लाङ्गी गाउँ खानेपानी योजनाका लागि १० लाख र दलित उत्थान कार्यक्रमका लागि १० लाख विनियोजन गरेको छु ।
गाउँपालिका क्षेत्र भित्रका घरहरुको अभिलेखका लागि घर नम्बरिङ्ग कार्य गर्न रु. ४ लाख विनियोजन गरेको छु । महिलाहरुको क्षमता विकास तथा आयआर्जन कार्यक्रम तथा विउँ पूँजीका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
दीर्घ रोग तथा मानसिक रोग सम्बन्धि औषधि खरिदका लागि १५ लाख ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम सञ्चालनका लागि ३ लाख र २० देखि ६० वर्ष उमेर समुहका महिलाहरुको VIA परीक्षण गरी पाठेघरको क्यान्सरको परीक्षणका लागि रु.४ लाख र सुत्केरी प्रोत्साहन पोषण कार्यक्रमका लागि रु. १० लाख विनियोजन गरेको छु ।
जेष्ठ नागरिकहरुको घरदैलोमा नै गई स्वास्थ्य परीक्षण तथा निःशुल्क औषधी वितरण कार्यक्रमलाई निरन्तरता दिन आवश्यक बजेट बिनियोजन गरेको छु साथै गाउँपालिकाको बर्थिङ्ग सेन्टरहरुमा सुत्केरी हुन नसकी प्रेसण गरीएका गर्भवती महिलाहरुका लागि निःशुल्क एम्बुलेन्स सेवाका लागि आवश्यक बजेट विनियोजन गरेको छु । गाउँपालिका भित्र शुन्य होम डेलिभरीका लागि सबै वडाहरुमा बर्थिङ्ग सेन्टर सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
३० बर्ष भन्दा धेरै सेवा गरेका तथा ५५ वर्ष भन्दा माथि उमेर भएका शिक्षकहरुलाई निवृत्त हुन प्रोत्साहनका लागि १० लाख विनियोजन गरेको छु । ईसिडी सहजकर्ता, विद्यालय सहायक र विद्यालय सहयोगीहरुलाई नेपाल सरकारले तोकेको न्यूनतम तलब भत्ताका लागि १ करोड ६ लाख विनियोजन गरेको छु साथै दरबन्दी कम

भएका विद्यालयहरुमा स्वयम् सेवक शिक्षकको व्यवस्थापनका लागि रु. ८२ लाख विनियोजन गरेको छु । त्यसै गरी १ विद्यालय १ ल्यापटप कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

गाउँपालिका क्षेत्र भित्र हुने विभिन्न किसिका विपद्हरुमा राहत तथा सहयोग प्रदान गर्न तथा विपद् व्यवस्थापन गर्नका लागि १५ लाख र विभिन्न संघ संस्था तथा निकायसँग साझेदारीमा कार्यक्रम सञ्चालन गर्न ४० लाख रुपैया विनियोजन गरेको छु ।

गाउँपालिका भित्र संचालन हुने योजनाहरुको अनुगमनलाई व्यवस्थित गर्न योजना अनुगमन एप्स संचालन, वडा कार्यालहरुमा विद्युतिय हाजिरी व्यवस्थापन, कार्यालयको दर्ता चलानी तथा अनलाईन तथ्याङ्क अभिलेख व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छु साथै घरैबाट राजश्व भुक्तानी गर्न सकिने गरी अनलाइन राजश्व भूक्तानी प्रणाली विकासका लागि ५ लाख रुपैयाँ विनियोजन गरेको छु ।

गाउँपालिकाले निर्माण गरेका नीति नियमको प्रभावकारी कार्यन्वयनका लागि नगर प्रहरीको स्थापना र व्यवस्थापनका लागि आवश्यक विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

गाउँपालिका भित्र कार्यरत कर्मचारीहरुको तलब, कार्यलायहरु व्यवस्थाप तथा अन्य चालु प्रकृतिका खर्चका लागि १२ करोड रुपैया विनियोजन गरेको छु ।

साथै गाउँपालिका स्तरीय योजनाहरुले समेट्न नसकेका र गाउँपालिका वासीहरुको अपेक्षाहरुको सम्बोधन गरी वडा स्तरीय योजनाहरु सञ्चालनका लागि वडाको जनसंख्या र भूगोलको आधारमा बजेट विनियोजन गर्न रु. ६ करोड ९५ लाख रुपैया विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

संघीय सरकार र गण्डकी प्रदेश सरकारबाट प्राप्त शसर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदानका योजनाहरु समेत बजेट तथा कार्यक्रममा समावेश गरिएको यस सभामा जानकारी गराउन चाहन्छु ।

**सभाध्यक्ष महोदय,**

यस सभामा मैले प्रस्तुत गरेको बजेटको कार्यान्वयन बाट सडकहरुको स्तरोन्नती, उत्पादन र उत्पादकत्त्वमा सकारात्मक वृद्धि हुने, लक्षित समुहहरुको ससक्तिकरणमा उल्लेख्य योगदान पुग्ने, स्वास्थ सेवामा उल्लेख्य सुधार हुने र "कृषि, पर्यटन र पूर्वाधारको दीगोपनः समृद्ध, सुसंस्कृत शहिद लखनः निर्माणको लक्ष्यमा सहयोग पुग्ने विश्वास लिएको छु ।

**सभाध्यक्ष महोदय,**

अन्त्यमा, बजेट तर्जुमाका लागि महत्वपूर्ण सुझाव, मार्ग निर्देशन एवम् सहयोग प्रदान गर्नु भएकोमा गाउँपालिका अध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, वडा अध्यक्ष ज्यूहरु, गाउँ कार्यपालिका सदस्य ज्यूहरु, जनप्रतिनिधि ज्यूहरु, विज्ञ सल्लाहकार ज्यूहरु, विभिन्न राजनितिक दल, राष्ट्रसेवक कर्माचारीहरु, नीजि क्षेत्र, नागरिक समाज, सञ्चार जगत् तथा गाउँपालिका बासीहरुमा आभार प्रकट गर्छु । साथै बजेट कार्यान्वयनमा सबै पक्षको पूर्ण सहयोग को अपेक्षा गर्दै "कृषि, पर्यटन र पूर्वाधारको दीगोपनः समृद्ध, सुसंस्कृत शहिद लखन" निर्माणका लागि आह्वान समेत गर्दछु ।
साथै विनियोजन विधेयक, २०७९ र त्यसका अनुसूचीहरुको प्रिन्ट प्रति सबै गाउँसभा सदस्यहरुलाई उपलब्ध गराएको छु ।
धन्यबाद